हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२९२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : १०१ पृष्ठ : ४ २०७७ कार्तिक २१ गते शुक्रबार (Friday 06 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## मुकेशकी श्रीमती सुनिताको बिलौना : छोरा बाबा खोई भन्छ, म कहाँबाट ल्याउँ ?

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को गुटगत झगडामा मारिएका मुकेश चौरसियाको मृत्यु भएको १३ दिन बितेको छ । पूर्वसभासद राजकुमार गुप्तासहित १२ जनाविरूद्ध प्रहरीमा जाहेरी दर्ता भएपछि आन्दोलन रोकिएको छ तर, निश्पक्ष छानविन भएर न्याय पाउनेमा शंका छ ।

पति वियोगको शोकमा रहेकी सुनिता चौरसियाले आफूलाई सम्हाल्न सकेकी छैनन् । ४ वर्षको छोराले जब बाबा खोई ? भन्छन्, उनी भक्कानिन्छिन् र आँसुको धारा खस्छन् । 'के–के सोचेका थियौं, सबै बर्वाद बनाईदिए' सुनिताले अनलाइनखबरसँग भनिन्, 'चार वर्षको छोराले बाबा खोई भनेर सोध्छ, म कहाँबाट ल्याउँ ? मुकेश, नेकपाको पर्सा जिल्ला कमिटी सदस्य र विन्दवासिनी गाउँपालिका सचिव थिए । विन्दवासिनी–२ बहुअर्वाभाठामा सिमेन्ट र इट्टाले बनाएको पुरानो घरमा उनीहरू बस्दै आएका थिए ।

मुकेश र सुनिताका एक छोरा र एक छोरी छन् । छोरीको विवाह भइसकेको छ । छोरा एबीलाई डाक्टर बनाउने मुकेशको सपना थियो । बाबु, तिमी ठूलो भएपछि के बन्ने भनेर सोध्दा उनी पनि 'डाक्टर' भन्छन् । तर डाक्टर बनाउने सपना देख्ने बुबा आफ्नै पार्टीका नेताकार्यकर्ताबाट मारिएको उनलाई थाहा छैन ।

६ कात्तिकमा प्रसौनी भाठामा आयोजना गरिएको कार्यक्रममा केपी शर्मा ओली र प्रचण्ड–माधव गुटबीच झडप भयो । झडपमा केही मानिस घाइते भए । मुकेशको टाउकोमा चोट लागेको थियो र, उपचारका क्रममा ७ गते उनको मृत्यु भयो । भाइ महेशका अनुसार घरको सम्पूर्ण खर्च मुकेशले नै धानेका थिए । महेश चार वर्षको हुँदा नै उनका बुबा वितेका थिए । महेश र उनका भाइलाई हुर्काउने, बढाउने, शहरमा राखेर पढाउने र घरको सबै खर्च जोहो गर्ने मुकेश नै थिए ।



प्रहरीले न्याय दिनेमा आशंका

अप्ठ्यारो परेकाहरूलाई आफूले सकेको सहयोग गर्ने भएकाले मुकेश गाउँमा लोकप्रिय थिए । त्यहीका कारण तत्कालीन संविधानसभा सदस्य राजकुमार गुप्ता, मुकेशलाई आफ्नो पक्षमा पार्न चाहन्थे । मुकेशले गुप्ताका गलत गतिविधिको विरोध गर्थे । गुप्ताले घरमा बोलाउँदा भेट्न जाँदैनथे । पार्टी कार्यालयमा भेटौं भन्थे । आफ्नो अनुकुल नभएपछि गुप्ताले प्रत्यक्ष अप्रत्यक्ष रूपमा मुकेशलाई धम्की पनि दिन थालेका थिए । मुकेशलाई 'ज्यान प्यारो छ कि छैन ?' भनेर धम्की आउँथ्यो ।

स्थानीय तहको निर्वाचनमा मुकेश वडध्यक्षका प्रत्यासी थिए । उनकै कारण चुनाव हार्नुपरेको भन्दै गाउँपालिका अध्यक्षका प्रत्यासी लक्ष्मण चौरसिया पनि रूष्ट बनेका थिए ।

त्यसैले मुकेशको ज्यान लिने गरी भएको झडपको घटना योजनाबद्ध भएको आशंका परिवारका सदस्यहरूको छ । गुप्ताको घरबाट दुई जना आरोपी पक्राउ गर्नु र अन्य आरोपीहरू उनी निकटस्थ हुनुले पनि उनीमाथि शंका बढेको छ ।

घटनापछि प्रहरीले पनि गुप्ताविरूद्ध उजुरी लिन मोनन । उजरी दर्ता गर्न समेत आन्दोलन गर्नु परेकाले प्रहरी प्रशासनमाथि समेत चौरसिया परिवारकोविश्वास डगमगाएको

बाँकी ४ पेजमा

## माडर नाकाबाट ११ लाख १५ हजार किलो प्याज आयात

सिराहाको माडर नाका हुँदै ठूलो परिमाणमा प्याज आयात गरिएको छ । विभिन्न



१० नाका खुला गरिएकामध्ये सिराहाको माडर नाका पनि पर्छरू। यही नाका भएर १ सय १५ पटक ट्रक, जिपलगायतका मालबाहक सवारीसाधानमा प्याज नेपाल भित्रिएको हो ।नेपालमा प्याजको संकट देखिएपछि माडर भन्सार हुँदै प्याज, आलुलगायतका कृषि उत्पादनहरु ठूलो परिमाणमा आयात गरिएको छरू। माडर भन्सारअनुसार कात्तिक दोस्रो सातासम्म ११ लाख १५ हजार ९ सय ९१ किलो प्याज आयात गरिएको छ । नेपाल आयात हुँदा भन्सार कार्यालयमा

बाँकी ४ पेजमा

## घर खरानी हुनबाट जोगिएको त्यो साँझ

■ मिथिलेश यादव

नेपालमा कोरोना संक्रमणको प्रवेशसँगै सुरू भएको लकडाउनले धेरैको दैनिकी फैरिन पुग्यो । अत्यावश्यक बाहेकको समय घरभित्रै बस्ने मेरो दैनिकीको आठौं महिनामा छिमेकिको लापरबाहीका कारण बेघर हुनबाट बालबाल बाँचे । मंगलबारको साँझको त्यो लापरबाहीपूर्ण घटना टलेपनि मेरो मानसपटलमा कैयन प्रश्न र डर छाडेर गएको छ ।

मंगलबार दिउँसो ५ बजे । साधैं झै म व्यायामका लागि दोस्रो तल्लामा उक्लिए । केहिबेर व्यायाम गरेर बाहिरिए । छतबाट राजमार्गतर्फको चहलपहल चियाउँन खोज्दा कालो मुस्लोले ढाकिसकेको थियो । मैले मोबाइल झिकेर भिडियो खिच्न थाले । कारण वातावरण नै मुस्लोले कुहिरिमण्डल बनाउने हरकत अक्षमय अपराध हो । भिडियो खिच्दै गर्दा मुस्लो झनझन बढ्न थाल्यो । छिमेकी प्रमोद ठाकुरको घर अगाडि बालिएको सामग्रीबाट मुस्लोसँगै आगोका लप्का उड्न थाल्यो । त्यो लप्का विजुली, टोलिफोनलगायत तार छुन खोज्दै थियो । म भिडियो खिच्न छोडेर लहान प्रहरी प्रमुख डिएसपी शरत थापा क्षेत्रीलाई फोन गरेर घटना जानकारी गराउँदै तल ओर्लीन थाले ।



आगोको लप्का फैलिँदै उत्तरतर्फ आइरहेको थियो । जसको पहिलो चपेटामा मेरो घर थियो । के सामान बाहिर

बाँकी ४ पेजमा







**फ्रेन्डस मोडल हस्पिटल, लहान ४**

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**

NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. वृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

# बालुवाटारको 'लुतो'

अरुण बराल

युगल जोडीको प्रेमसम्बन्ध एवं वैवाहिक जीवनको उतारचढावमा आधारित अंग्रेजी चलचित्र 'दि सेभेन इयर इच' (सात वर्षको चिलाइ) विश्वको पुरानो, तर चर्चित फिल्म हो । भारतमा पनि 'खुजली'सम्बन्धी शायरी प्रशस्तै पाइन्छन् । नेपाली वाङमयमा भने 'लुतो कन्याइ'बारे खासै चर्चा छैन । भलै, जनयुद्धकालमा डा. बाबुराम भट्टराईले प्रचण्डसित मतभेद बढेका बेला 'लुतो कन्याउन पाउनुपर्छ' भनेका थिए ।

पश्चिमा लेखकहरूले कतिपय ठाउँमा लुतोको चर्चा गर्दै कन्याउनुको मज्जा लुतो लागेका मानिसलाई मात्रै थाहा हुने लेखेको पाइन्छ । शरीरमा लागेको लुतो वा दाद नकन्याई मानिस शान्तसँग बस्न सक्दैन । जब कन्याउन थाल्छ, उसले एकप्रकारको आनन्द महसुस गर्छ, जसलाई 'लुतो कन्याएर प्राप्त हुने सुख' भनिन्छ ।

भारतीय व्यंग्यकार ललित शर्माले गद्यकोषमा 'खुजली महिमा' लेखेका छन् । लोकतन्त्रमा जनतालाई लुतो कन्याउने छुट हुने उनी लेख्छन् । 'खुजली' कन्याउने अधिकार सबैलाई हुनुपर्ने भन्दै उनले यसलाई अभिव्यक्ति स्वतन्त्रतासँग जोडेका छन् । डा. भट्टराईले पनि जनयुद्धकालमा 'लुतो कन्याउन पाउनुपर्छ' भन्नुको तात्पर्य शायद यही थियो ।

यस आलेखमा चाहिँ 'लुतो कन्याउने' जनताको अधिकारभन्दा पनि बालुवाटारलाई लागेको लुतोको विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली 'राजनीतिक लुतो' बाट यति धेरै ग्रस्त भइसकेका छन् कि केही समय शान्तसँग बसे पनि हरेक महिना उनी कतै न कतै 'खुजली' कन्याउन थालिहाल्छन् । अहिले नेकपाभित्र त्यसैको छारो उडिरहेको छ ।

**लुतोका लक्षणहरू**

तत्कालीन एमाले एक्लैले सत्तारोहण गर्न नसक्ने देखेपछि ओलीले नमाओवादीसँग हठात् पार्टी एकता गर्ने निर्णय गरे र गठबन्धन बनाएर चुनावमा गए । माओवादीलाई फकाउन उनले विष्णु पौडेल र जनार्दन शर्मालाई साक्षी राखेर 'आलोपालो प्रधानमन्त्री' को कागजमा हस्ताक्षरसमेत गरे । फलतः नेकपालाई सुविधाजनक बहुमत प्राप्त भयो । त्यसमा अझ मधेसी दलको समेत थप समर्थन पाएर ओली शक्तिशाली प्रधानमन्त्री बने ।

प्रधानमन्त्री ओलीलाई अपार जनसमर्थन प्राप्त थियो । राजनीतिक स्थायित्व प्राप्त भएकोमा जनता पनि खुशी थिए । देशमा अब विकास, समृद्धि र सुशासन आउला भन्ने बहुसंख्यक जनतामा आशा र भरोसा जागेको थियो । प्रधानमन्त्री ओलीलाई इतिहासले अभूतपूर्व एवं महान अवसर दिएको थियो ।

तर, प्रधानमन्त्रीलाई एकाएक 'खुजली'ले सताउन थाल्यो । शान्त रहेको राजनीतिमा के गरौं, कसो गरौं हुन थाल्यो । चिलाउन थाल्यो । अन्ततः आफूलाई नै समर्थन जनाइरहेका संघीय समाजवादी र राजपाका बीचमा खेलेर, उनीहरूमा फाटो ल्याएर चिलाइ शान्त पार्ने अभियानमा प्रधानमन्त्रीले आफ्नो उर्जा खर्चिए । फलतः राजपाले समर्थन फिर्ता लियो । संघीय समाजवादी पार्टी सत्ताबाट बाहिरियो ।

जनता कोरोना महामारी र लकडाउनमा छटपटाएका बेला त्यसको व्यवस्थापनमा केन्द्रित हुनुको साटो ओलीका सारथीहरू सांसद अपहरणजस्तो घटिया काममा खटिएपछि अन्ततः यो 'लुतो कन्याइ'को पटाक्षेप भयो । परिणामस्वरूप दुई पार्टी रातारात एकीकृत भए । ओली सरकारलाई बदनामी हात लाग्यो ।

देश विकास र राष्ट्रिय एकतामा ध्यान दिएर राजनेता बन्नुपर्ने बेलामा प्रधानमन्त्री ओलीले अरूको दलमा विभाजन ल्याउने र फुटाउने अध्यादेश ल्याउन किन आवश्यक थियो ? आफ्नै पार्टी फुटाउनलाई त्यो अध्यादेश ल्याइएको थियो भने पनि 'लुतो कन्याएर प्राप्त हुने सुख' बाहेक त्यसले नेकपा र देशलाई के फाइदा पुग्थ्यो ? यो प्रश्नको चित्तबुझ्दो जवाफ अहिलेसम्म केपी ओली र उनी निकटस्थहरूले दिन सकेका छैनन् ।

प्रधानमन्त्री ओलीले प्रचण्डसँग आलोपालो सरकार चलाउने कागजमा आफैं हस्ताक्षर गरेका थिए । तर, उनले आफ्नै प्रतिवद्धतालाई कुल्चेर पाँचै वर्ष प्रधानमन्त्री हुन्छु भन्न शुरु गरे । प्रचण्डले पनि राजनीतिक स्थायित्व खोजिरहेका जनताको भावनाअनुरूप ओलीलाई नै पाँचै वर्ष प्रधानमन्त्री बन्न छाडिएको घोषणा गरे । यति भइसकेपछि प्रधानमन्त्री ओलीले ढुक्क भएर सबै नेताको विश्वास लिएर चल्नुपर्ने थियो । तर, फेरि उनमा लुतो चिलाउन थाल्यो । प्रचण्डको त्यागलाई उनले कमजोरीका रूपमा बुझे ।

यसवीचमा ओलीले प्रचण्डलाई साथमा लिएर माधव नेपाल पक्षलाई भित्तामा धकेल्ने कामको थालनी गरे । कहिले माधव नेपाल र वामदेवलाई फकाएर प्रचण्डलाई गाली गर्ने त कहिले बादल, लेखराज भट्ट, मणि थापाहरूलाई फकाएर पार्टीभित्र गुटबन्दीको अगुल्टो ठोसिरहने काम गरे । देश महामारीको चपेटामा परेका बेला प्रधानमन्त्री ओलीचाहिँ आफ्नो दायित्वलाई चटक्कै भुलेर आफैंभित्रको लुतो कन्याउन र छारो उठाउनमा मस्त रहे ।

यहीवीचमा गत असार १० गते सरकार र पार्टीका कामहरूको समीक्षा गर्ने भन्दै बल्लतल्ल स्थायी कमिटीको बैठक बस्यो । प्रधानमन्त्रीलाई सजिलो होस् भनेर बालुवाटारकै पटाङ्गिनीमा बैठक राखियो । तर, ओलीले बैठकको सामना गरेनन् । नेताहरूले दिनहुँ अनुनय गर्दा पनि उनी टँडबाट ओर्लिएनन् । पार्टीलाई गन्दै गनेनन् । बरू संसदीय दलमा बहुमत जुटाउन हस्ताक्षर अभियान चलाए । ठूलो स्टेप चाल्छु भनेर मध्यावधि वा संकटकालको धम्की दिए । सडकमा आफ्नो पक्षमा प्रदर्शन गर्न समर्थकहरूलाई खटाए ।

अन्ततः जति नै अटेर गरे पनि प्रचण्ड(माधव पक्षले प्रधानमन्त्री ओलीलाई छुट दियो र मेलमिलापकै नीति लियो । पार्टीका तीनै पक्षका नेताहरू सम्मिलित ६ सदस्यीय कार्यदल बन्यो र त्यसले सहमति एवं सहकार्यका साथ अघि बढ्न शीर्ष नेताहरूलाई सुझाव दियो । अन्ततः असार १० मा सुरु भएर भदौ २६ मा मैभारो भएको स्थायी कमिटीको बैठकले केपी ओलीलाई प्रधानमन्त्री र अध्यक्ष दुबै पदमा राख्ने सम्मानजनक 'एक्जिट' दियो । र, अबदेखि पार्टी र सरकार सञ्चालन सामुहिक निर्णयका आधारमा गर्नुपर्ने म्यान्डेट पनि कार्यदल र स्थायी कमिटीले दियो ।

फेरि पनि प्रधानमन्त्री ओलीको 'एकलकाँटे' कार्यशैलीका कारण आम जनतामा उनीप्रति अलोकप्रियता बढिरह्यो । तर, उनी र उनका वरिपरि रहेका नेताले 'राइटिङ अन द वाल' लाई ठम्याउन सकेनन् । कार्यदलको सुझावपछि स्थायी कमिटीको बैठकले युद्धविराम गरिसकेपछि प्रधानमन्त्री ओलीको व्यवहार र कार्यशैलीमा सुधार आएको भए तीन वर्षको अवधिमा सरकारले बिगारेको छवि सुधार्ने मौका नेकपाले पक्कै पाउन सक्थ्यो । तर, युद्धविरामले ल्याएको शान्ति केही सातापछि खल्बलियो । र, प्रधानमन्त्री लाई फेरि चिलाउने रोग लागिहाल्यो ।

कार्यदलको सुझाव र स्थायी कमिटीको बैठकको स्पिरिट के थियो भने राजनीतिक नियुक्तिहरूमा पार्टीसँग सल्लाह गर्ने, सचिवालयको सरसल्लाहमा मन्त्रिपरिषद पुनर्गठन गर्ने, प्रदेश सरकारहरू पनि पुनर्गठन गर्ने, पार्टी एकताका कामहरू पूरा गर्ने, नेताले आफ्ना कमीकमजोरीहरू सच्याउने र एकताबद्ध भएर महाधिवेशनको तयारीमा जुट्ने । कात्तिकमा केन्द्रीय कमिटीको बैठक बोलाउने र महाधिवेशनको कार्ययोजना बनाउने ।

तर, यसवीचमा प्रधानमन्त्री ओली फेरि आफूभित्र गढिएको लुतोको चिलाइ मार्ने क्रममा पहिलेभन्दा एकलौटी गर्न थाले । राजदूतहरूको नियुक्ति एकलौटीरूपमा भयो । मन्त्रिमण्डल पुनर्गठन प्रधानमन्त्रीको विशेषाधिकार हो भन्दै आफ्नो गुटकालाई मात्रै मन्त्री बनाइयो । खाली रहेका तीन मन्त्रालयमा अर्को पक्षलाई समेटिएन । म तिमीहरूलाई वास्ता नगरी अघि बढ्छु भनेर प्रधानमन्त्रीले पार्टी सचिवालयलाई प्रष्ट सन्देश दिए ।

माधव(प्रचण्ड समूहले यतिसम्म पनि सहेकै थियो । तर, यतिमात्रै गरेर प्रधानमन्त्रीको चिलाइ साम्य भएन । अन्ततः उनले माधव नेपाल र प्रचण्ड पक्षका केही सांसदलाई समेत भड्काएर कर्णालीका मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव राख्न लगाए ।

पार्टीको कामको जिम्मेवारी दिइएका कार्यकारी अध्यक्षलाई समेत जानकारी नदिई आफ्नैमात्र हस्ताक्षरमा प्रधानमन्त्रीले कर्णालीमा निर्देशनात्मक सर्कुलर पठाए । भलै, पछि प्रचण्डबाट अर्को सर्कुलर गयो र ओलीको सर्कुलरलाई प्रदेश कमिटीको बहुमतले लत्याइदियो । कर्णाली प्रदेशमा समस्याको सुरुवात प्रधानमन्त्री ओली र उनी निटकस्थहरूबाट अविश्वासको प्रस्ताव आएपछि नै भएको बुझ्न गाह्रो छैन । स्थायी कमिटीको बैठक र कार्यदलको सुझावले प्रदेश सरकारहरू हेरफेर गर्ने भनेकै थियो । तर, कसैमाथि यसरी 'कु' गर्ने भनेको थिएन ।

तर, लुतो कन्याएर छारो उडाइरहने बानी परेको बालुवाटार यसमा संयमित भएर बस्नै सकेन । अहिले प्रधानमन्त्री ओली प्रदेश भनेको सिंहदरबारको मातहत हो र सरकार भंग गरिदिन सक्छु भनेर धम्की दिने तहमा पुगेका छन् । प्रचण्डमाधव पक्ष भने फेरि पनि एक स्टेप ब्याक सरेर संयमित नै देखिएको छ ।

प्रधानमन्त्री ओलीले बालुवाटारमा 'रअ' का प्रमुखलाई बोलाएर रातारात भेट गरेपछि उनको राष्ट्रवादी छविसमेत जनमानसमा आलोचित बनेको छ । भारतसँग सम्वादको ढोका खुल्नु जरूरी भए पनि पार्टीका नेताहरूलाई बाइपास गरेर एकलौटी चल्न खोज्ने प्रधानमन्त्रीको कार्यशैलीका कारण उनले विश्वासको घेरा साँघुरो पार्दै लगेका छन् । र, यो सब उनकै कार्यशैली र घमण्डका कारणले भइरहेको देखिन्छ ।

पछिल्लो घडी बालुवाटारलाई अझै बढी लुतोले सताउन थालेको देखिन्छ । प्रचण्डलाई बोलाएर वा फोन गरेर पार्टी फुटाइदिन्छु भन्ने, बैठकमा आउँदिनँ र निर्णय मान्दिनँ भन्ने, तिमीहरूको भन्दा ठूलो स्टेप चालिदिन्छु भन्नेजस्ता धम्की प्रधानमन्त्री ओलीले पार्टीका नेताहरूलाई दिइरहेको सुनिन्छ ।

ओली एकातर्फ सुशासन दिन नसकेर जनतामा अलोकप्रिय बनिरहेका छन् भने अर्कोतिर आफ्नै पार्टीको लगामबाट फुत्केर लिक बाहिर पुगेका छन् । यसले नेकपाभित्रको अवस्था कुकुरले पुच्छर हल्लाउनुपर्नेमा पुच्छरले कुकुर हल्लाएजस्तो बन्न पुगेको छ ।

सहकार्यबाट अघि बढ्ने र महाधिवेशनसम्म जाने स्थायी कमिटीको म्यान्डेट विपरीत प्रधानमन्त्री ओली पार्टी फुटाउने र अर्को एमाले दर्ता गर्ने महेश बस्नेतहरूको लाइनमा उभिन पुगेका छन् ।

अब ओलीले गर्न सक्ने काम

प्रधानमन्त्री ओलीले 'ठूलो स्टेप चालेर देखाइदिन्छु' भन्दै आफ्ना नेताहरूलाई धम्क्याए पनि उनले गर्न सक्ने केही देखिन्न । के अब संकटकाल लगाउने ? अध्यादेश ल्याएर पार्टी फुटाउने ? राजनीतिक स्थिरतालाई दाउमा राखेर देशलाई मध्यावधि चुनावमा धकेल्ने ? आम जनता कोरोनाले मरिरहेका बेला सरकारले उठाएको हात अझै माथि उठाउने ? वा कस्तो 'ठूलो स्टेप' चाल्ने ? जनतालाई सुशासन पनि दिन नसक्ने र आफ्नो कुर्सी स्वार्थका लागि चालिने त्यस्ता कथित स्टेपहरूमा आम जनताको रूची देखिँदैन र उनलाई समर्थन पनि प्राप्त हुने देखिन्न ।

**अब के हुन्छ त ?**

विगतमा नेकपाको कार्यदलमा समेत बसेर काम गरेका एकजना स्थायी कमिटी सदस्यको जवाफ यसमा निकै रोचक छ । ती नेता प्रतिप्रश्न गर्छन्, 'केपी ओलीले केका लागि पार्टी फुटाउने ? आफैं प्रधानमन्त्री र पार्टीको अध्यक्ष हुनुहुन्छ । पार्टीले उहाँलाई पूरै कार्यकाल प्रधानमन्त्री बनाउने भनिसकेको छ र पार्टी अध्यक्षमा पनि यथावत राख्ने निर्णय गरिसकेको छ । यति हुँदाहुँदै किन पार्टी फुटाउने ? केका लागि फुटाउने ?'

नेकपाका अर्का एक सचिवालयस्तरका नेता भन्छन्, 'उहाँले पार्टी फुटाएर देखाए हुन्छ ।'

उसोभए अबको नेकपाको गन्तव्य के त ?

नाम उल्लेख गर्न नमान्ने सचिवालयका ती नेता भन्छन्, अबको समाधान भनेको केपी ओलीले आत्मालोचना गर्नु र भदौ २६ को स्थायी कमिटीको बैठककै स्पिरिटमा फर्किनु नै हो ।

ती नेताका अनुसार पार्टीले अझै एकचोटि ओलीलाई मौका दिन सक्छ । तर, तत्काल

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- दाम्पत्य जीवन सुखमय हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ, तर यात्रामा सावधानी अपनाउनु पर्नेछ र तर्क, विवाद र प्रतिस्पर्धाबाट लाभ हुने छैन ।

**वृष** :- आज आँटेको र ताकेको कार्य पुरा होला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिथुन** :- नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योगछ । अचल सम्पत्ति हात पर्ला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

**कर्कट** :- अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । महत्वपूर्ण अवसर गुम्न सक्छ । सामान हराउने योग छ, तर विपरीतवर्गबाट विशेष सहयोगपनि मिल्छ ।

**सिंह** :- महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रा होला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कन्या** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउला । बौद्धिक काममा सफलतापनि मिल्नेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**तुला** :- शुभकार्यको चर्चा चल्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीतवर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** :- महत्व पूर्ण अवसर गुम्न सक्नेछ । नजिकको व्यक्तिबाट धोका पाईन सक्नेछ सचेत रहनुहोला, तर मनोरञ्जनमा सहभागी भइनेछ ।

**धनु** :-आज धार्मिक कार्य सफल नै रहनेछ । प्रेम सम्बन्ध कसिलो होला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्ला ।

**मकर** :- आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ ।

**कुम्भ** :- आज मगल कार्यको योग छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । आतिथ्यपूर्ण सम्मान पाइएला ।

**मीन** :- आज अधुरो काम पूरा होला । दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । व्यवसायका लागि यात्राको सम्भावनापनि रहेको छ ।

# एकसाथ खानै नहुने खानेकुरा



डा. हेमराज कोइराला



**स्वा**स्थ्यका लागि गुणकारी र पोषक मानिएका दुई वा दुईभन्दा धेरै खानेकुराहरु पनि एकैपटक खाँदा एउटा खाद्य पदार्थको गुण धर्म अर्कोसँग नमिल्दा त्यसले स्वास्थ्यलाई हानि पु¥याउन सक्छ । यी खानेकुरालाई हामी विरुद्ध आहार भनेर चिन्छौं । विरुद्ध आहारहरु छुट्टाछुट्टै खाँदा त्यसले स्वास्थ्यलाई फाइदा गरेपनि एकसाथ खाँदा यो नोक्सानदायक हुने गर्छ ।

विरुद्ध आहार सेवन गर्दा तत्काले वा कालान्तरमा अनेकौं रोगहरूको खतरा रहन्छ । अधिकांश अवस्थामा हामीलाई यस्ता रोगहरूको कारणै थाहा नहुन सक्छ । तर विरुद्ध आहारको सेवनले पनि धेरै प्रकारका रोगहरु उत्पन्न गराउन सक्छ । यी खाद्य पदार्थहरूको विरुद्ध थाहा नहुँदा हामी रोगको चपेटामा जानी नजानी परिरहेका हुन्छौं । यसर्थ विरुद्ध आहारका विषयमा तपाईं हामी सबैजना जानकार हुनुपर्छ ।

**कस्ता कस्ता विरुद्ध आहार ?**

आहारसंयोगको आधारमा मात्र विरुद्ध हुँदैन । देश, काल, परिस्थिति, मौसम, पाचन क्षमता, मात्रा, दोष, प्रकृति, विकृति (रोग), बल, बय, संस्कार, वीर्य अदिका आधारमा पनि विरुद्ध हुन्छ ।

१. **देश वा स्थान विरुद्ध आहार**
स्वास्थ्यका लागि सबैभन्दा हितकर खानेकुरा भनेको व्यक्ति बसिरहेकै स्थानमा फलेफूलेको खानेकुराहरु हुन् । स्थानीय वा क्षेत्रीय खानेकुराहरु खाँदा व्यक्ति र खानेकुराको प्रकृति मिल्छ तर एक क्षेत्रमा फलेफूलेको खानेकुरा अर्को क्षेत्रका मान्छेले खाँदा विरुद्ध हुन्छ ।

२. **कालविरुद्ध आहार**
काल अथवा समयका आधारमा पनि आहार विरुद्ध हुन सक्छ । जस्तो काँक्रो बिहान १० बजेभन्दा पहिले खानु अति उत्तम, १० देखि ४ बजेसम्म खानु ठिकै तर चार बजे पश्चात खानु हानिकारक हुन जान्छ । यसैगरी दही, सातु, अमिलो खानेकुराहरु राति खान हुँदैन ।

३. परिस्थिति विरुद्ध आहारः मान्छेको जीवनमा युद्ध, शान्ति, तनाव, चिन्ता, शोक, उदाशीनता, प्रणय जस्ता अनेक परिस्थितिहरु आइलाग्छन् र खानेकुरा यी परिस्थति अनुरुपको हुनुपर्छ । जस्तै, शोकको घडीमा नुनको सेवन, तनावको परिस्थितिमा गरिष्ठ भोजनलाई विरुद्ध मानिन्छ ।

४. मौसमविरुद्धको आहारः जाडो–गर्मी, वर्षा–सुख्खा वा भिन्न–भिन्न मौसममा जे फल्छ त्यही खाए राम्रो हुन्छ । जस्तै, असारको आँप पुषमा खानु राम्रो होइन यसैगरी पुषको सुन्तला असारमा खानु राम्रो होइन । यसैगरी जाडोको चिसो र सुख्खा खानेकुरा खानु र गर्मी मौसममा तातो खानेकुरा खानु मौसम विरुद्धका आहार हुन् ।

५. पाचनविरुद्ध आहार
हरेक मान्छेमा पाचन क्षमता भिन्नभिन्न हुन्छ । कसैले गरिष्ठ भोजन पनि मजाले पचाइदिन्छन् त कसैले सामान्य भोजन पनि पचाउन सक्दैनन् । यसर्थ कमजोर पाचन क्षमता भएकाहरूले तारेको र भुटेको धेरै तेल हालेको माछा–मासु, अण्डाजस्ता गरिष्ठ खानेकुरा खानुहुँदैन ।

६. मात्राविरुद्धको आहारः मह र घिउलाई समान मात्रामा सेवन गर्दा विषाक्त हुने मानिएको छ ।

७.दोषविरुद्ध आहारः वात प्रकृतिको मान्छेका लागि वात बढाउने खालको, कफ प्रकृतिको मान्छेका लागि कफ बढाउने खालको र पित्त प्रकृतिको मान्छेका लागि पित्त बढाउने खालको खानेकुरा विरुद्ध आहार हुन् ।

८. प्रकृतिविरुद्ध आहारः मान्छे सात्विक, राजसिक र तामसिक गरेर तीन प्रकृतिको छ । सात्विक प्रकृतिको मान्छेलाई तारेको र भूटेको, गरिष्ठ र उत्तेजक खानेकुरा दिँदा त्यो खाना गरिष्ठ हुन जान्छ भने राजसिक व्यक्तिलाई सादा खानादिँदा त्यो खाना पनि विरुद्ध खाना हुन्छ ।

९. विकृति(रोग)विरुद्ध आहारः हरेक रोगमा खानुहुने र खानु नहुने कुराहरूको सूची हुन्छ । रोग अनुरुप नभएको खानेहुरूलाई विकृति विरुद्धको आहार भनिन्छ ।

१०. बल (परिश्रम)विरुद्ध आहारः मान्छे परिश्रमका आधारमा निष्क्रिय, सामान्य र सक्रिय जीवनशैलीको हुन सक्छ र उसले गर्ने परिश्रम पनि सामान्य मध्यम र कठिन हुन सक्छ । यसर्थ कठिन परिश्रमीलाई कम खान दिनु र सामान्य परिश्रमीलाई धेरै खानदिनु बलविरुद्धको आहार मानिन्छ ।

११. बय (उमेर)विरुद्ध आहारः लिटो खानेलाई भात खान दिनु र भातखानेलाई लिटो खानदिनु बय विरुद्धको आहार हो ।

१२. पाक संस्कारविरुद्ध आहारः अमिलो खानेकुरालाई तामा वा पित्तलको भाडामा राख्दा वा पकाउँदा खाना विषाक्त हुन्छ । यसैगरी मह वा दहीलाई तताउँदा पनि हानिकारक हुन्छ । यस्ता खानेकुरालाई पाक संस्कारविरुद्धको आहार भनिन्छ ।

१३. वीर्यविरुद्ध आहार : शीतवीर्य पदार्थहरूलाई उष्णवीर्य पदार्थहरुसँग खाएको आहारलाई वीर्य विरुद्धको आहार भनिन्छ ।

१४. **रुचिविरुद्ध आहारः**
आफूलाई रुचि नभएको खानेकुराहरु परिस्थितिबस खानुपरेको खानेकुरालाई हामी रुचिविरुद्धको आहार भन्छौं ।

१५. संयोगका विरुद्ध आहारः दुई वा दुईभन्दा धेरै पदार्थको मिश्रण स्वास्थ्यका लागि हानिकारक हुन सक्छ भने त्यस खानेकुरालाई संयोगविरुद्ध आहार भनिन्छ ।

**केसँग के नखाने ?**

१. दूधसँगः दही, नुन, मुला, कटहर, सलाद, शीतल चिनी, तित्री, खरबुजा, तरभूजा, बेल, नरिबल, कागती, जमुना, अनार, अमला, सक्खर, करौदा, तिलौरा, गहत, सातु, कोदो, मुङ, मास, गहततेल, माछा, जस्ता खानेकुराको सेवन नगर्नुहोस् । यसैगरी दूधमा कुनै पनि परिकारसँग माछा, मासु अण्डा आदि खानु हुँदैन।

२.दहीसँग : चिया, कफी, दूध, पनीर, खिर, काँक्रा खरबुजा, मेवा ।

३. खिरसँगः रुख कटहर, भुइँकटहर, माछा–मासु, अमिलो फलफूल, सातु, मदिरा आदि ।

४. महसँग : समान मात्रामा घिउ, तेल, बोसो, अंगुर, कमलको बिउ, मुला, तातोपानी या दूध, सक्खर, वर्षा कोपानी आदि पिउनु हुँदैन ।

५. चिसो पानीसँगः घिउ, तेल, तातो खानेकुरा, दूध, तरबुजा, अम्बक, मुङ्फली आदि खानु वा पिउँनु हुँदैन ।

६. जौको पिठोलाई अन्य अन्नसँग नमिलाई नखानुहोला । यसैगरी सातुलाई पनि पानी नराखी खानु हुँदैन ।

७.भोजनलगत्तै पानी पिउनु हुँदैन । दिउँसो भोजन गरे पछाडि मोही र राति भोजनपछि दूध लिनु लाभदायक हुन्छ ।

८. दिसापिसाब गरेपछि, खानाखानुभन्दा पहिले, रुघामर्की लागेको तथा मुखमा घाउ आएको अवस्थामा र पसिना आइरहेको अवस्थामा पानको सेवन गर्नुहुँदैन ।

९. बिहानको भोजन पश्चात छिटोछिटो हिँड्नु हुँदैन तर साँझको खाना खाएपश्चात बिस्तारै हिंड्न सकिन्छ । साथै खाना खानेबित्तिकै सुत्नु हुँदैन।

१०. तातो पानी वा तातो पदार्थका साथमा मह, कुल्फी, आइसक्रिम वा शीतल प्रकृतिका पदार्थहरुको सेवन गर्नुहुँदैन ।

११. खरबुजा वा तरबुजासँग लसुन, दही, दूध, मूला, पुदिना चिसो पानीजस्ता खानेकुरा नखाऔं ।

१२. भातमा अमिलो मिसाएर खानुहुँदैन । धेरै नुन हालेको खानेकुराहरु खाँदा पनि स्वास्थ्य चौपट्ट हुन्छ ।

१३. मासको दाल र मुलाको साग वा सलाद खानुहुँदैन ।

१४. केरा र मोही एकसाथ नखानुहोला ।

१५. मह, दही, रक्सी र भलायोको साथमा गरम आहारको सेवन गर्नु हुँदैन ।

१६. खिर र खिचडी पनि एकैसाथ खानु हुँदैन ।

१७. खिरसँग सातु खानु वा खिर खाएको ४ घण्टा नबित्दै पानीमा सातु घोलेर पिउनु हुँदैन ।

१८. काँचो केराको तरकारीसँग दही खाँदा तत्काल वा केही समयपछि उल्टी हुन सक्छ ।

१९.पाकेको बडहरसँग दही, मासको दाल, घिउ, मह र सख्खर अत्यन्त हानिकारक हुन सक्छ ।

२०. सुँगुर, बङ्गुर र माछा जस्ता प्राणीहरूको मासुसँग मह, सक्खर, तिल, दूध, मुला, मास र अंकुरित अन्न खानु हुँदैन ।

२१.परेवाको मासु तेलमा पकाउनु हुँदैन । परेवाको मासु र प्याज एकै भोजनमा मिलाएर खानु हुँदैन ।

२२. मासको दालसँग सख्खर खानु हुँदैन ।

२३. तामा, पित्तल र काँसको भाँडोमा दूध, दही र घिउ राख्दा विषाक्तता उत्पन्न हुन्छ ।

२४. पाकेको रूख कटहर खाएको दश घण्टासम्म पान, सूर्ति तथा अन्य चुना वा खरानी मिसिएको खानेकुरा खाँदा तत्काल ज्यानै पनि जान सक्छ ।

२५. खाली पेटमा आँप नखाएको राम्रो ।

२६. बकुल्लाको मासुलाई सुँगुरको बोसोमा पकाएर खाँदा भोजन विरुद्ध हुन्छ ।

२७.सुँगुरको मासु र बयर एकसाथ खानुहुँदैन ।

२९. तीन महिना नपुगेको अन्न र एक वर्ष पुरानो अन्नलाई एकसाथ पकाएर खानु हुँदैन ।

३०. दूधलाई फलामको कराइमा तताउनु, काठ वा बाँसको भाडाकुँडामा राख्नु र स्टिलको भाडाँवर्तनमा प्रयोग गरौं ।

*अनलाईन खबर डटकमबाट*


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

## मुकेशकी...

छ । 'उजुरी दर्ता गरेर छानविन गर्नुपर्थ्यो, त्यसपछि दोषी निर्दोष छुट्याउने हो' महेशले भने 'प्रहरीले सहयोग नगरेको अनुभूति भएको छ । अब उनीहरूले निष्पक्ष न्याय दिन्छन् भनेर कसरी आशा गर्ने ?'

प्रहरीले दोषीलाई कानुनी कठघरामा ल्याएर न्याय दिलाओस् भन्ने उनीहरूको माग छ । मुकेश पत्नी सुनिता भन्छिन्, 'हामीलाई न्याय चाहियो । न्याय दिलाईदिनुस् ।'

झडपको भिडियो फुटेज, पक्राउ परेकाहरूको बयान लगायतका आधारमा अनुसन्धान भइरहेको प्रहरीले बताएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक गंगा पन्त प्रहरीले घटनाबारे मिहिन ढंगले अनुसन्धान गरिरहेको बताउँछिन् । 'अनुसन्धानमा जुनजुन प्रक्रिया अपनाउनुपर्ने हो, त्यसरी नै काम भइरहेको छ' उनले भनिन् 'अनुसन्धानपछि गुनासो आउन दिंदैनौं, ढुक्क हुनुस् ।'

अनुसन्धानका क्रममा दोषी ठहरिएका कसैलाई पनि प्रहरीले उन्मुक्ति नदिने उनको दाबी छ ।

*अनलाईन खबर डटकमबाट*

## घर खरानी...

गर्ने नगर्ने अलमलका बीच श्रीमतीलाई छिटो ग्यास चुलोबाट सिलिण्डर अलग राख्न भन्दै म आफ्नो मोटरसाइकललाई सुरक्षित स्थानमा राख्न हतारिए । कारण आगोको लप्का मेरो घर छोए पहिलो निशाना मोटरसाइकल नै हुन्थ्यो । म मोटरसाइकल सुरक्षित गरेर फर्किदा श्रीमती ग्यास सिलिण्डलगायतका आवश्यक सामानसहित छोरीहरूलाई लिएर सडकमा सुरक्षित भइसकेकि थिइन् ।

श्रीमती छोरीहरू चिच्याउँदै घर बचाउन गुहारदैं थिइन् । वृद्ध बुवा घरिघरि मूल गेट खोल्दै घर टोलाउँदै छाती पिटिरहेको देखेर मैले आफूलाई रोक्ने सकिन । भक्कानो छुट्यो । त्यतिन्जेल छिमेकीहरूको भीड जम्मा भैसकेको थियो । भीडमध्ये अधिकांश रमिते मात्र थिए । मेरो मूल गेट अगाडी खुट्टीखोला सिँचाइ नहर छ । जसमा पर्याप्त पानी रहन्छ, थियो । तर भीडमध्ये कसैले पनि एक बाल्टिन पानी आगोमा झोक्ने कष्ट गरेनन् । बरू गोजीबाट मोबाइल झिकेर आगोको लप्का उडिरहेको तस्बिर खिचेर रमाइरहेका थिए । कतिले यसो गर्नुपर्छ उसो गर्नुपर्छ भन्दै घटना विश्लेषण गर्दै थिए ।

लहान प्रहरी प्रमुख डिएसपी थापा तारन्तार फोन गरेर मलाई नआतिन ढाड्स दिएरहेका थिए । सिरहा प्रहरी प्रमुख उमाशंकर पंजीयारले फोन गरेर गोलबजार र राजबिराजबाट थप बारूण यन्त्र झिकाइसकिएको र घर जोगाउन घटनास्थलमा पर्याप्त सुरक्षाकर्मी परिचालन गरिएको भरोसा लिदाउँदै थिए । उहाँहरूको भरोसाले मेरो घर अडिरहने हुन कि नाइ विश्वाससँगै डर पनि उत्तिकै लागिरहेको थियो । लहान नगरपालिकाको बारूण यन्त्रले आगोको उद्गमस्थल ठाकुरको घरतिरबाट पानीको फोहोरा दिन थालेपछि सास पल्टियो । अब हाम्रो घर जोगिने भयो भन्दै श्रीमतीको अनुहारमा भरोसाको मुस्कान छुट्यो । उनको उज्यालो अनुहार हेरेर सुकून महसुस गरें ।

प्रहरीले बारूण यन्त्रको मद्दतले आगोमाथि काबू पाउने भरपूर प्रयास गरिरहेको थियो । त्यहीबीचमा यन्त्रमा पानी सक्यो । पानी लिन फर्किदा आगोको लप्का उठ्यो । र, त्यो लप्का मेरो भण्डार घर टाँसिएर रहेको कबाडको गोदामलाई आफ्नो चपेटामा लियो । हेर्दाहेर्दै आगो पसरेर भण्डार घरको उत्तर कुनासम्म पुग्यो । जहाँबाट मेरो निवासको जग सुरू हुन्छ । त्यसपछि श्रीमतीको चिच्याहट, बुवाको छटपटी, दिदीको रोदनले मेरो मन फाट्यो । आँखै अगाडी हाम्रो घर आगोले खरानी बन्ने भयो । सम्पूर्ण सामान त्यही आगोमा समेटिने भयो । हामी बेघरबार हुने भयौं । सारा जिवनको कमाइ खर्चेर ठड्याएको घर नै नभएपछि बाच्नुको के अर्थ भन्दै बुवा बिलौना गरेको सम्झिँदा जोरजोरले रून मन लाग्छ । त्यही दर्शक भीडबाट केहि परिचित अनुहार मेरो घर तर्फ पाइला सारे । उनीहरू थिए नेपाली कांग्रेसका सिरहा उपसभापति विष्णुप्रसाद गुप्ता र नेता शैलेन्द्र यादव । बाल्टिन ल्याउनुस तपाइको घर हामी जोगाउँछौं भन्दै दौडिएर आएका गुप्ता र यादव बाल्टिन लिएर अगाडीको नहरतर्फ हानिए । उनीहरूलाई नेपाल प्रहरीका जवानहरूले सघाइरहेका थिए । भण्डार घरको छतमा चढेर आगोमा पानी छ्याप्न मेरो भन्जाका साथी मोहम्मद असलमले साथ दिइरहेका थिए । बारूण यन्त्र पानी भरेर फर्किदासम्म गुप्ता, यादव र असलमसहित प्रहरीहरूले बाल्टि बाल्टि पानी छ्यापेर आगोलाई अगाडी बढ्नबाट रोकिरहेका थिए । सहरमा बसेर पनि गाउँजस्तो सहयोगी भावका उहाँहरू मेरा लागि सच्चा सामाजवादी हुन । उहाँहरूको सहयोग नपाएको भए मेरो परिवारसँग आफ्नो घर खरानी भएको साक्षी बन्नुको बिकल्प थिएन ।

घर टाँसिएरै पश्चिमपट्टी कवाडको भण्डार छ । त्यो टाँसिएकै होटेल इष्टपोइन्छ । उत्तरमा घना मानवबस्ती । र, दक्षीणमा पूर्वपश्चि महेन्द्र राजमार्ग छ । मेरो घर टाँसिएकै दक्षिणमा प्रमोद ठाकुर र उनकी छोरीको घर । जसमध्ये एक घरमा मदिराको गोदाम छ ।

ठाकुर घरको त्यही मदिरा गोदाम अगाडी प्लाष्टिकजन्य फोहोर जलाउन आगो बालिएको थियो । सुरूवातमा आगो मधुर थियो । तर जसरी त्यसमा प्लाष्टिकजन्य फोहोर थप्दै प्रज्वलनशील पदार्थ खन्याउँदै गयो आगोको राप बढ्दै गयो । आगो अनियन्त्रित भैसक्दा समेत ठाकुर परिवार कुनै प्रतिक्रिया जनाएनन् । न बस्तीका मान्छेलाई गुहारे । न प्रहरीलाई फोन गरे । न बारूण यन्त्रलाई नै खबर गरे । जसले उनको लपरबाही प्रष्ट्याउँछ । एक व्यक्तिको लापरबाहीको पीडासँगै अनेकन प्रश्नसाथ लिएर आएको छ । एउटा सचेत व्यक्तिको लापरबाहीपूर्ण हरकत क्षम्य हुन्छ ? उनको लापरबाहीको भारी हामीले बोकिदिनुपर्ने ? उनलाई दोषअनुसारको दण्ड भोग्नुपर्दैन ? घनाबस्तीको बीचमा कबाडखाना, मदिराका गोदाम, वर्कसलगायत संचालन गर्न दिनु उचित हो ? मानव बस्तीलाई नै जोखिममा पार्नेगरी भएको लापरबाहीपूर्ण यो घटनाबाट स्थानीय सरकारको निरिहता समेत उदांगिएको छ ।

लहान नगरपालिका उपमहानगर बन्ने रेसमा छ । यस नगरका मेयर मुनी साह आफूलाई विकासमा विम्व भनेर परिचय गराउन रूचाउँछन् । नगरमा घण्टौं आगलागी भइरहँदा समेत मेयर साबको दर्शन पाइएन । अरूथोक भन्दा पनि नगरका अभिभावकसँग सान्त्वना, ढाडस र भरोसाको अपेक्षा त एउटा आगलागी पीडितले राख्छन् नै । सबैभन्दा नजिकको सरकारको दर्शन पाएँ पीडामा मलम हुने लालसा पूरा हुन सकेन नै आगो नियन्त्रणका क्रममा प्रहरीलाई आवश्यक परेको एक्साभेटर समेत नगरपालिकाबाट उपलब्ध हुन सकेन । डिएपी थापाले निजी एक्साभेटर नल्याएको भए कबाड गोदामको आगो पूर्ण नियन्त्रण सम्भव थिएन । र, तेज चलिरहेको पश्चिमी हावाका कारण आगो बस्तीमा फैलिने खतरा यथावत थियो ।

समाचार रिपोर्टिङको क्रममा आगलागीका घटना मेरा लागि नौलो होइन । तर, आगलागीको अनुभूति भने मेरा लागि नौलो हो । यस्तो नियती दुस्मनले पनि भोग्नु नपरोस । यो घटनाले मलाई सप्तरीको टापु गाउँ गोबरगाढाको याद ताजा बनाएको छ । वर्षेनी डुबानका कारण विस्तापनको मार खेपेर पनि त्यहाँका बासिन्दा बसाई सर्न तयार छैनन् । घर छोड्न तयार छैनन् । त्यहाँका बासिन्दाले भनेको सम्झन्छुँ,'घर चार दिवार मात्र होइन यस भित्र सज्जाइएको कैयन यादहरूको समग्र संगालो हो । त्यसै कसरी छाडिदिउँ ।'

अन्तमा मलाई बेघर हुनबाट जोगाइदिने अग्रमोर्चामा खटिएका डिएसपी शरत थापा, कांग्रेस उपसभापती विष्णुप्रसाद गुप्ता, शैलेन्द्र यादव, भान्जा असलमलाई सलाम । *नागरिक डट*

*नागरिक डटकमबाट*

## माडर ...

प्रतिकिलो प्याजको मूल्य बढीमा २५ रूपैयाँ भारू उल्लेख गरिएको छ । माडर भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताका अनुसार कृषि सुधार शुल्क र भन्सार राजस्व गरी प्याजबाट ७९ लाख ८८ हजार ३ सय ६३ रूपैयाँ संकलन गरिएको छरू।प्याज आयातका लागि स्थानीयदेखि अन्य जिल्लाका व्यवसायीहरु पनि माडर भन्सार आएका र ठूलो परिमाणमा प्याजको आयात गरेको सूचना अधिकारी गुप्ताले बताए ।

लक्ष्यको आधा राजस्व तीन महिनामै लकडाउन खुकुलो भएसँगै माडर भन्सार कार्यालयले लक्ष्यको आधा राजस्व असुली गरेको छरू। चालू आर्थिक वर्षमा १७ करोड २१ लाख ९८ हजार राजस्व असुली गर्ने लक्ष्य पाएको भन्सार कार्यालयले ३ महिना (साउन, भदौ र असोज) मा ८ करोड १५ लाख ८८ हजार रूपैयाँ राजस्व असुली गरेको छ । चालू आर्थिक वर्षको साउनमा २ करोड ६८ लाख ९० हजार, भदौमा २ करोड १९ लाख ३८ हजार र असोजमा ३ करोड २७ लाख ६० हजार राजस्व असुली भएको सूचना अधिकारी गुप्ताले बताए ।

गत आर्थिक वर्षमा माडर भन्सारले लक्ष्यको ८७ प्रतिशत मात्रै राजस्व असुली गरेको थियोरू। कोरोनाका कारणले लकडाउन भएपछि भन्सारमा चैतदेखि सामान आयात ठप्प भएपछि असुली नै शून्य भएको गुप्ताले बताए । गत आर्थिक वर्ष ०७६र७७ मा २० करोड ३० लाख ८ हजार लक्ष्य दिएकोमा १७ करोड ७३ लाख ४० हजार मात्र राजस्व संकलन भएको उनले जानकारी दिए । माडर नाका भएर मार्बल्स, एसबेस्टर, लत्ताकपडा, इलेक्ट्रोनिक्सका सरसामानको आयात हुँदै आएको माडर भन्सारले जनाएको छ ।

*सिरहा टाईम्स डटकमबाट*

## बालुवाटारको ...

सचिवालय बैठक बोलाउनुपर्छ र त्यहाँ स्थायी कमिटीको बैठक र कार्यदलको सुझावलाई मान्छु भनेर प्रतिवद्धतासहित ओलीले आत्मालोचना गर्नुपर्छ । अनि, महाधिवेशनको कार्यसूचीमा प्रवेश गर्नुपर्छ । ती नेताले थपे, 'पार्टीले उहाँलाई प्रधानमन्त्री र अध्यक्ष दुबै पदबाट हटाउने भनेकै छैन । सरकार पाँचै वर्ष चलाउनोस् भनिसकेको छ ।'

उसोभए, प्रधानमन्त्री ओली किन पटक–पटक उत्तेजित भइरहन्छन् त ?

शायद, पुरानो, गुटबन्दीको सुकेलुतोबाट ग्रस्त भएकाले उनी नकन्याइकन र नछटपटाइकन शान्तिसँग बस्नै सक्दैनन् ।

सरकारले अहिले ध्यान दिनुपर्ने कोरोना महामारीबाट आक्रान्त जनताको समस्यामा हो । तर, बालुवाटारचाहिँ आफ्नै शरीरको लुतो कन्याएर बसेको छ । अहिले पनि उसले समस्या आफूभन्दा बाहिरै खोज्ने र दोष अरूतिरै पन्छाउने प्रपञ्च रचिरहेको बुझ्न कुनै अतिरिक्त बुद्धिको आवश्यकता पर्दैन ।

'दि सेभेन इयर इच' मा हरेक ७ वर्षमा चिलाउँछ । तर, नेकपा पार्टी र बालुवाटारको लुतोचाहिँ धेरै छिटो–छिटो चिलाउँदोरहेछ !

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY

गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)